# <u>बिरामीको लागि जानकारी पृष्ठ</u>

**शीर्षक : <u>ढाड दुखाईको उपचारको लागि 'दुखाई सम्बन्धि शीक्षा' र फिजियोथेरापी ।</u>**

**प्रमुख अनुसन्धानकर्ता :**

सौरब शर्मा

PhD विद्यार्थी, स्कुल अफ मेडिसिन, युनिभर्सिटी अफ ओटागो, निउजिल्यान्ड

**इमेल :** saurabsharma1@gmail.com

**सम्पर्क :** ९८४१६३४०४३

**<u>विवरण</u> :** यस अनुसन्धान गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद र युनिभर्सिटी अफ ओटागो ह्युमन एथिक्स कमिटिबाट अनुमति लिइएको छ ।

यस अनुसन्धानमा ढाड दुखेका व्यक्ति २ वटा उपचार (**फिजियोथरापी र दुखाई सम्बन्धि शिक्षा**) मध्ये केबल एउटा मात्र उपचार  दिइने छ । अनुसन्धानले दुबै प्रबिधि नै प्रभावकारी छन् भनेर पुष्टी गरिसकेको छ । यस प्रारम्भिक अनुसन्धानमा हामी यी दुई मध्य कुन बेसी प्रभावकारी उपचार हो भन्ने ठूलो अनुसन्धान गर्न नेपालमा सम्भव छ कि छैन भन्ने जान्न यस अनुसन्धान गर्न गइरहेका छौं । यस अनुसन्धानको मद्दतले उच्च स्तरको अनुसन्धान नेपालमा कसरी गर्न मिल्छ भन्ने सुझाब दिन्छ । दुखाई सम्बन्धि शिक्षा यदी प्रभावकारी उपचार प्रबिधी भनेर पुष्टी भएको खण्डमा आर्थिक स्थितीमा कम्जोर राष्ट्र- नेपालमा सस्तो उपचार (दुखाइ सम्बन्धि शिक्षा) साह्रै उपयोगी रहनेछ ।

**यी उदेश्य भएको यस अनुसन्धानमा भाग लिन तपाईंलाई हार्दिक निम्तो छ ।**

**<u>अनुसन्धानको प्रक्रिया</u> :** सुरुमा तपाई यो अनुसन्धानमा भाग लिन योग्य हुनु हुन्छ कि भनेर केही प्रश्न सोधिनेछ र  आबश्यक्ता परेमा जाँच गरिने छ । अनुसन्धानमा भाग लिन योग्य भएको अवस्थामा तपाईंलाई दुईवटा मध्य एक मात्र उपचार (कम्प्युटरले निर्धारण गरेको उपचार) दिइनेछ । पहिलो पटक जाँच गरेको दिनमा नै तपाईंलाई उपचार दिइनेछ । हप्ताको ५ दिन गृह-कार्यहरु (कसरतहरु) तपाईंलाई गर्न दिइनेछ । गृह-कार्य गरेको अथवा नगरेको भनेर एक हप्ता पछी फेरी अस्पतालमा आई हामीलाई जानकारी दिनु पर्नेछ, र स्वही दिन तपाईंको पुन: जाँच गरिनेछ । यो हप्ता भरी तपाईंले अन्य प्रकारको उपचार लिन पाउनु हुने छैन । यदी अन्य उपचार लिनु परेको खण्डमा हामीलाई जानकारी दिनु पर्नेछ, किनभने अनुसन्धानमा प्रयोग भएका उपचार पद्दतीले सुधार भएको हो कि अन्य कारणले हो भन्ने जान्न हामीलाई जरुरी हुन्छ ।

**<u>श्व: इच्छा भाग लिने</u> :** यस अनुसन्धानमा भाग लिन जबर्जस्ती गरिने छैन, तपाईंले स्व: इच्छा भाग लिनु पर्ने हुन्छ । भाग लिनु  अगाडि तपाईंले स्व: इच्छा भाग लिएको हो भनेर अनुसन्धानको नियम

# बिरामीको लागि जानकारी पृष्ठ

अनुसार तपाईंलाई सही गर्न लगाइनेछ। तपाईंले यस अनुसन्धानमा भाग नलिए पनि तपाईंले पाउनु पर्ने साबिक उपचार (तर यस अनुसन्धानमा प्रयोग हुने बाहेक अन्य उपचार) पाउनु हुनेछ।

**<u>तर यस अनुसन्धानमा भाग लिएर तपाईंले स्वास्थ्य विज्ञानलाई उकास्न मद्दत पु-याउनुहुनेछ</u>।** र भविष्यमा तपाईं अथवा तपाईं जस्तै ढाड दुखाईका बिरामीलाई अनुसन्धानले प्रमाणित गरेको प्रभाबकारी उपचार पाउनु हुनेछ।

**<u>जोखिम र फाइदा</u> :** यस अनुसन्धानमा तपाईंलाई सहभागितासंग सम्बन्धित कुनै जोखिम छैन। यस अनुसन्धान (र भविष्यमा हुने अनुसन्धानहरु) पछि ढाड दुखाइबाट पीडित हामी नेपालीहरुलाई सरल, सस्तो, र प्रभाबकारी उपचार दिन सकिने छ। तपाईं लगायत सबै बिरामीहरुलाई यो एक अप्रत्यक्ष लाभ हो।

**<u>खर्च तथा तिर्नुपर्ने शुल्क</u> :** यस अध्ययनमा भाग लिनकालागि अतिरिक्त शुल्क लाग्ने छैन।

**<u>गोपनियता</u> :** यहाँको गोपनियताको अधिकार सुरक्षित गरिएको छ । तपाईंको परिचयको लागि फाइलमा गोप्य कोड प्रयोग गरिनेछ । तपाईंलाई सोधिएका प्रश्नहरुको बारे जानकारी माथि उल्लेखित अनुसन्धानकर्ता तथा यस अध्ययनमा सहभागी अन्य अनुसन्धानकर्ताले मात्र पाउनेछन्। यहाँको व्यक्तिगत पहिचान खुल्ने गरि अध्ययनको परिणाम प्रकाशित गरिने छैन। यस अध्ययनका सबै विवरण र नतिजाहरु अध्ययन पूरा भएको केही वर्षसम्म राखिनेछ ।

**<u>सहभागिता छोड्ने अधिकार</u> :** यदि तपाईंलाई यस अध्ययनमा भाग लिन मन परिवर्तन भएमा, कुनै पनि समयमा यस अध्ययनबाट स्व: इच्छा बाहिर निस्किन सक्नुहुनेछ ।

तपाईंको यस अध्ययनमा भाग लिने वा छोड्ने निर्णयले तपाईंको उपचारमा केही पनि प्रभाव पर्ने छैन। तपाईंलाई यो स्पष्ट गराउदैछु कि यस अध्ययनमा भाग लिन कुनै बाध्यता वा दबाब छैन, तपाईं आफ्नो इच्छा बमोजिम निर्णय लिन पाउनु हुनेछ ।

यदी तपाईंले यस अनुसन्धानमा भाग लिएर, यसको नतिजा जान्न चाहनुहुन्छ भने, हामी तपाईंलाई तपाईंको ईमेल मार्फत यस अनुसन्धानको नतिजा पठाउनेछौं। तपाईंले अनुसन्धानको नतिजा प्रकाशित भएपछि नेपालीमा लेखिएको अनुसन्धानको सारांश www.linkphysio.com मा पढ्न सक्नुहुन्छ ।

**<u>सहभागिताको लागि धन्यवाद</u>।**